आज मिति २०८१-१२-०५ गतेका दिन यस मदाने गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवर ज्यूको अध्यक्षतामा बसेको मदाने गाउँ कार्यपालिकाको बैठकले तपसिलका उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | नाम थर | पद | ठेगाना | फोन नं. | हस्ताक्षर | कै |
|---|---|---|---|---|---|---|
| १ | महेन्द्रबहादुर कुँवर | अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०२७९४२ | | |
| २ | सरिता खड्का | उपाध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०७२७१८ | | |
| ३ | शालिकराम पन्थी | प्र.प्र.अ. | छत्रदेव गा.पा. ६ | ९८५७०४९०४९ | | |
| ४ | शुसिल चन्द | वडा अध्यक्ष | मदाने गा.पा. १ | ९८४४४७८६७७ | | |
| ५ | माधवप्रसाद भुसाल | वडा अध्यक्ष | मदाने गा.पा. २ | ९८५७०६७३९३ | | |
| ६ | चेतबहादुर सेन | वडा अध्यक्ष | मदाने गा.पा. ३ | ९८५७०६७४०५ | | |
| ७ | प्रेम बहादुर सेन ओली | वडा अध्यक्ष | मदाने गा.पा. ४ | ९८४७००५०१२ | | |
| ८ | हिमाल खड्का | वडा अध्यक्ष | मदाने गा.पा. ५ | ९८५७०८१९८१ | | |
| ९ | मनिराम थापा | वडा अध्यक्ष | मदाने गा.पा. ६ | ९८५७०६१७४३ | | |
| १० | सन्तोष के.सी. | वडा अध्यक्ष | मदाने गा.पा. ७ | ९८४१३६२५१५ | | |
| ११ | कमला कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६६५२२७३३ | | |
| १२ | कमला भट्टराई | कार्यपालिका सदस्य | मदाने गा.पा. ४ | ९८६९३१५१८९ | | |
| १३ | सुर्या कुमारी कुँवर | कार्यपालिका सदस्य | मदाने गा.पा. ६ | ९८६३८४२३३३ | | |
| १४ | सुस्मिता सुनार टोमटा | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८६६२७२१७५ | | |
| १५ | जिव बहादुर वि.क. | कार्यपालिका सदस्य | मदाने गा.पा. २ | ९८६००५३१४६ | | |
| १६ | हिरे सुनार | कार्यपालिका सदस्य | मदाने गा.पा. ७ | ९८४७३९१६७७ | | |
| १७ | कुलचन्द्र भुसाल | अधिकृत छैठौं | प्रशासन शाखा | ९८४०७१४६५७ | | |

Scanned with CamScanner

**कार्यपालिका बैठक संख्याः- १२**

**मिति २०८१/१२/०५ गतेको बैठक**

**प्रस्तावहरुः-**

१. पूर्व कार्यपालिकाको बैठकको निर्णयहरु समीक्षा सम्बन्धमा।

२. स्थानीय तहको इच्छा र प्रतिबद्धता सूचक/मापदण्ड सम्बन्धमा ।

३. वार्षिक योजना तथा बजेटमा स्थानीय पूर्वाधार कार्यक्रमसँगको सह लगानी हिस्सा विनियोजन गर्न प्रतिबद्धता सम्बन्धमा ।

४. पूर्वाधार सेवा प्रवाह एवम मर्मत सम्भार सम्बन्धि कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्ने प्रतिबद्धता सम्बन्धमा।

५. स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गरी सो को मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्ने प्रतिबद्धता सम्बन्धमा ।

६. पुर्कोट कोटको रकम साझेदारी सम्बन्धमा ।

७. कंकेदेउराली जलाशययुक्त खानेपानी सम्बन्धमा ।

८. टोप्रे गुफाका लागि जग्गा उपलब्ध सम्बन्धमा ।

९. टोप्रे गुफाका लागि पर्यटकिय पुर्वाधार निर्माणका लागि बजेट माग सम्बन्धमा ।

१०. भूमी समस्या सहजिकरण समिति गठन सम्बन्धमा ।

११. भूमीको सूचना प्रकाशन सम्बन्धमा ।

१२. तालिमहरु संचालन सम्बन्धमा ।(लघु उद्यम तालिम र सासु बुहारी अन्तर्क्रिया कार्यक्रम लगायत)

१३. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

१४. प्रदेशमा माग गर्नुपर्ने कृषि तथा पशुपन्छी विकास शाखाको योजनाहरुको सम्बन्धमा ।

१५. कोल्डस्टोर माग सम्बन्धमा ।

१६. ग्रामीण अल्ट्रासाउन्ड माग सम्बन्धमा ।

१७. धाराचौरको जिर्ण भवन भत्काउने सम्बन्धमा ।

Scanned with CamScanner

१८. सडकको विवरण उपलब्ध गराउने सम्बन्धमा ।

१९. स्थानीय स्वास्थ्य वीमा संयोजन समिति गठन सम्बन्धमा ।

२०. अध्यक्ष कप भलिवल प्रतियोगिताको रकम भुक्तानी सम्बन्धमा ।

२१. आर्थिक सहायता सम्बन्धमा ।

२२. विविध।

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

Scanned with CamScanner

निर्णयहरुः-

१. प्रस्ताव नं. १ माथी छलफल गर्दा मदाने गाउँपालिका गाउँकार्यपालिकाको मिति २०८१/११/०४ गते बसेको कार्यपालिका बैठकका निर्णयहरु ग्रामिण कुखुराको समूह/सहकारी छनौट सम्वन्धमा, अध्यक्ष कपको सम्वन्धमा, संघ समपुरक योजना माग सम्वन्धमा, संघ विशेष योजना माग सम्बन्धमा, आर्थिक सहायता सम्बन्धमा निर्णयहरुको समिक्षा गरियो ।

२. नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्बन्धी आशय पत्र आव्हानको सूचना (EOI) को मिति २०८१/११/१५ को सूचनानुसार यस मदाने गाउँपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनको लागि स्थानीय तहको इच्छा र प्रतिवद्धता आवश्यक रहेको हुँदा उक्त कार्यक्रमसँगको सहकार्यमा मस्तिष्क मन्थनमा आधारित निर्णय प्रक्रिया अवलम्वन गरि स्थानीय पुर्वाधार सम्वन्धी योजना तथा समावेशी बजेट निर्माण गर्ने स्थानीय पुर्वाधार सहयोग कार्यक्रम मार्फत सह-लगानीलाई समग्र वार्षिक कार्यक्रम तथा वजेटको पुर्वाधार शिर्षकमा समावेश गर्ने र खर्चको लेखाजोखा (SUTRA) र लेखापरिक्षण मार्फत गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

३. नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्वन्धी आशय पत्र आव्हानको सूचना (EOI) को मिति २०८१/११/१५ को सूचनानुसार यस मदाने गाउँपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनको लागि स्थानीय तहको इच्छा र प्रतिवद्धता अनुसार सहकार्यमा वार्षिक योजना तथा वजेटमा स्थानीय पुर्वाधार कार्यक्रमसँगको सह-लगानी हिस्सा विनियोजन गर्न प्रतिवद्ध रहने निर्णय सर्व-सम्मत पारित गरियो ।

४. नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्वन्धी आशय पत्र आव्हानको सूचना (EOI) को मिति २०८१/११/१५ को सूचनानुसार यस मदाने गाउँपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि पुर्वाधार, सेवा प्रवाह एवम् मर्मत सम्भार सम्वन्धि कार्यविधि तथा निर्देशिका तयार/परिमार्जन तथा अनुमोदन गर्न प्रतिबद्ध रहेको निर्णय सर्व-सम्मत पारित गरियो ।

५. नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि स्थानीय तह छनौट सम्वन्धी आशय पत्र आव्हानको सूचना (EOI) को मिति २०८१/११/१५ को सूचनानुसार यस मदाने गाउँपालिकामा स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) सञ्चालनका लागि पुर्वाधार विकास सम्बन्धी खानेपानी, कृषियोग्य जमिन विद्युत पहुँच भएको

मदाने गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, गुल्मी, लुम्बिनी प्रदेश

नरेन्द्र बहादुर पाठक
अध्यक्ष

Scanned with CamScanner

घरपरिवारको अवस्था साथै स्थानीय पूर्वाधार सम्बन्धी विवरण तयार तथा अद्यावधिक गरी सो को मर्मतसम्भारको योजना तथा बजेट तर्जुमा गर्न प्रतिबद्ध रहेको निर्णय सर्व-सम्मत पारित गरियो ।

६. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ को लागि पुर्कोट कोटमा पुर्वाधार निर्माणका लागि रकम साझेदारीको लागि नेपाल पर्यटन बोर्डबाट १५ लाख विनियोजना भएको र यस मदाने गाउँपालिकाबाट २० प्रतिशतले हुने रकम रु तिन लाख पचहत्तर हजार रुपैया लागत साझेदारी गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

७. यस गाउँपालिकाको वडा नं. ०६ पुर्कोटदहमा प्रस्तावित कंकेदेउराली जलाशययुक्त तथा वृहत्त खानेपानी आयोजना सञ्चालन गर्नको लागि आवश्यक पर्ने जग्गा सार्वजनिक स्थानमा रहेको र उक्त स्थानमा पर्ने सामुदायिक वनहरु कंकेदेउराली सामुदायिक वन र छुलुवा खेल्ने सामुदायिक वनको उपभोक्ता समितिको निर्णयबाट समेत उक्त योजनाको लागि आवश्यक जग्गा उपलब्ध गराउने निर्णय भई आएकोले उक्त उपलब्धका लागि सहजिकरण गर्ने निर्णय गरियो साथै १० प्रतिशत लागत साझेदारीको सम्वन्धमा लुम्बिनी प्रदेश सरकार सँग समेत समन्वय गरी लागत जुटाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

८. प्रस्ताव नं. ०८ माथी छलफल गर्दा मदाने गाउँपालिका वडा नं. ०२ र ०५ को संगम स्थानमा पर्ने टोप्रे गुफामा पर्यटन पुर्वाधार निर्माण गर्नको लागि आवश्यक पर्ने सार्वजनिक जग्गा भोगाधिकारका लागि डिभिजन वन कार्यालय तम्घास समक्ष अनुरोध गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

९. प्रस्ताव नं. ०८ माथी छलफल गर्दा मदाने गाउँपालिका वडा नं. ०२ र ०५ को संगम स्थानमा पर्ने टोप्रे गुफामा पर्यटन प्रवर्द्धनको लागि आवश्यक पर्ने पुर्वाधारहरुको निर्माण गर्न आवश्यक बजेट उद्योग, पर्यटन तथा यातायात मन्त्रालय, लुम्बिनी प्रदेशमा माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१०. मदाने गाउँपालिकामा तपसिलका पदाधिकारीहरु रहेको भूमी समस्या सहजीकरण समिति गठन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१. मदाने गाउँपालिका अध्यक्ष श्री महेन्द्र बहादुर कुँवर- संयोजक
२. मदाने गाउँपालिका उपाध्यक्ष श्री सरिता खड्का - सदस्य
३. राष्ट्रिय मान्यता प्राप्त दलको प्रतिनीधिहरु — सदस्य
४. कार्यपालिका सदस्यहरुबाट सुस्मिता सुनार र कमला भट्टराई- सदस्य
५. प्रमुख प्रशासकिय अधिकृत शालिकराम पन्थी- सदस्य सचिव

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

Scanned with CamScanner

११. यस मदाने गाउँपालिकामा भूमीको समस्याको समाधानको लागि निवेदनहरु छुट भएको भएमा १५ दिनको सूचना प्रकाशन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१२. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट तथा योजना बमोजिम विभिन्न तालिमहरु लघु घरेलु तथा साना उद्योग प्रर्वद्धन केन्द्रबाट प्राप्त रकमको साबुन बनाउने तालिम वडा नं. ०६ मा संञ्चालन गर्ने, बाँसका भाडाहरु बनाउने तालिम वडा नं. ०२, ०५ र ०७ मा सञ्चालन गर्ने र यि तालिम सञ्चालनको लागि १५ दिनको सूचना खोली संचालन गर्ने तथा सासु बुहारी अन्तर्क्रिया कार्यक्रम भनभनेमा गर्ने र लघु उद्यम सम्बन्धीको २ लाख ४० हजारको कार्यक्रम म्यालपोखरीमा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१३. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८१/०८२ को लागि आगामी सार्वजनिक सुनुवाई मदाने गाउँपालिका वडा नं. ६ पुर्कोटदहमा गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

१४. यस मदाने गाउँपालिकामा आर्थिक वर्ष २०८२/०८३ को लागि प्रदेशमा माग गर्नुपर्ने कृषि तथा पशुपन्छी विकास संग सम्वन्धित तपसिलका योजनाहरु कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय राप्ति उपत्यका (देउखुरी), लुम्बिनी प्रदेशमा माग गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

तपसिलः-

१. भैसी प्रवर्द्धन कार्यक्रम — रु १० लाख
२. बाखा प्रवर्द्धन कार्यक्रम — रु १० लाख
३. साना सिचाई कार्यक्रम — रु १० लाख
४. तरकारी प्रवर्द्धन कार्यक्रम — रु ५ लाख
५. सुन्तला जातका फलफूल प्रवर्द्धन — रु ५ लाख
६. रैथाने बाली प्रवर्द्धन /बजारीकरण — रु ५ लाख
७. मौरी प्रवर्द्धन कार्यक्रम — रु ५ लाख
८. बीउ आलु उत्पादन प्रवर्द्धन — रु ५ लाख

मदाने गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पुर्कोटदह, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

महेन्द्र बहादुर कुँवर
अध्यक्ष

Scanned with CamScanner

१५. यस मदाने गाउँपालिकाको वडा नं. १ अर्गलुङ्ग र वडा नं. २ बाँझकटेरीको संगम स्थल सोइरेमा दुवै वडालाई पाएक पर्ने गरी कोल्डस्टोर भवन बनाउन र कृषि उपजको स्टोर गरी राख्ने प्रयोजनार्थ कोल्डस्टोर निर्माण गर्न नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय सिंहदरवारमा माग गरि पठाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१६. यस मदाने गाउँपालिकाको पुर्कोटदह, भनभने, मलागि्री, सिर्सेनी र अर्गलुङ्ग स्वास्थ्यचौकीहरुमा ग्रामिण अल्ट्रासाउन्ड मेसिनको आवश्यकता रहेको हुँदा नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाण्डौमा माग गरि पठाउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१७. यस मदाने गाउँपालिकामा वडा नं. ०६ पुर्कोटदहमा रहेको धाराचौर आधारभुत विद्यालयको भवन जिर्ण भई भत्काउनु पर्ने अवस्था भएको हुँदा उक्त भवन भत्काउनको लागि उक्त विद्यालयको विद्यालय व्यवस्थापन समितिको निर्णय तथा विद्यालयको पत्रानुसार उक्त जिर्ण भवन भत्काउने निर्णय सर्व-सम्मत पारित गरियो ।

१८. स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय लुम्बिनी प्रदेश बुटवलको चलानी नं.-१००५ मिति २०८१/१२/०३ को पत्रानुसार वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम अन्तर्गत ताँहाको कार्यालयबाट माग भए अनुरुपका मापदण्ड पुरा गरेका यस मदाने गाउँपालिकामा रहेका विभिन्न सडक योजनाहरुको नामावली तपसिल बमोजिम उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो

१. कोइरलपाटा-सिर्सेनी-देउराली हुँदै मालिकाथाना मोटरबाटो निर्माण योजना
२. भेडीखोर-सोइरे-निपाने-अर्गलुङ्गफेदी निर्माण योजना
३. भेडीखोरपोखरी-बाँसडाँडा देखी लिस्नेकोप्चे
४. विपी चोक मलागिरी प्यूठान सडक
५. छिर्ने-ध्यूपानी-पटौटी देखी प्यूठान सडक

१९. यस मदाने गाउँपालिकामा अध्यक्ष श्री महेन्द्र बहादुर कुंवरको संयोजकत्व रहने गरी स्थानीय स्वास्थ्य बीमा संयोजन समिति गठन स्वास्थ्य बीमा नियमावली २०७५, को परिच्छेद २ को नियम २६ बमोजिम हुने गरी गठन गर्ने निर्णय सर्व-सम्मत पारित गरियो ।

२०. यस गाउँपालिकाद्धारा मिति २०८१ फागुन ७, ८ र ९ गते सञ्चालित अध्यक्ष कप भलिबल प्रतियोगिताको लागि रु ५ लाख विनियोजन भई कार्यक्रम सञ्चालन गर्दा रु ६,७१,१८५ रुपैया खर्च भएको हुँदा बढी खर्च भएको रकम रु १ लाख ७१ हजार १८५ रुपैया रकम विविध कार्यक्रम खर्चबाट भुक्तानी दिने गरी अनुमोदन गरियो ।

महेन्द्र बहादुर कुंवर
अध्यक्ष

Scanned with CamScanner

२१. मदाने गाउँपालिका भित्र बसोबास गर्ने आर्थिक रुपमा अत्यन्तै कमजोर देहायका नागरिकहरुलाई गरिबीका कारण उपचार गर्न नसकेका तथा विभिन्न समस्यामा रहेका देहायका नागरिकहरुलाई आर्थिक सहायता उपलब्ध गराउने निर्णय सर्व-सम्मत पारित गरियो ।

| क्र.स. | नाम, थर | ठेगाना | समस्या | आर्थिक सहायक | कै. |
|---|---|---|---|---|---|
| १ | कुल बहादुर बोहोरा | मदाने -०१ | मुटु रोग | ५०००/- | |
| २ | पदम खड्का | मदाने -०५ | ढाडको अपरेसन | ५०००/- | |
| ३ | मैते सार्की | मदाने -०१ | मुटु रोग | ५०००/- | |
| ४ | नर बहादुर चन्द | मदाने -०१ | टाउकोमा चोट लागेको | ५०००/- | |
| ५ | धनिराम भुसाल | मदाने -०३ | विल धेरै उठेको | ५०००/- | |
| ६ | राम बहादुर रोका क्षेत्री | मदाने -०१ | प्यारालाइसिस भएको | ५०००/- | |
| ७ | गंगा के.सी | मदाने -०४ | हात भाँचिएको | ५०००/- | |
| ८ | सिता कामी | मदाने -०४ | विरामी भएको | ५०००/- | |
| ९ | सावित्रा चन्द बोहोरा | मदाने -०१ | आगोले शरिर जलेको | ५०००/- | |
| १० | चोप बहादुर ओली | मदाने -०४ | विरामी भएको | ५०००/- | |
| ११ | हिम कुमारी झाँक्री | मदाने -०२ | चट्याङ्ग लागेको | ५०००/- | |
| १२ | जिब कुमारी सार्की | मदाने -०६ | स्वास्थ्यमा समस्या | ५०००/- | |
| १३ | तारा भुसाल | मदाने -०२ | आगोले डडेको | ५०००/- | |
| १४ | छन्त बहादुर नेपाली | मदाने-०३ | प्यारालाइसिस भएको | ५०००/- | |
| १५ | कल्पना चुदारा | मदाने -०६ | सुगर, प्रेसर, बाथको समस्या | ५०००/- | |
| १६ | चन्द्र बहादुर बोहोरा | मदाने-०४ | प्यारालाइसिस भएको | ५०००/- | |
| १७ | पार्वता घिमिरे | मदाने-०६ | आगोले जलेको | ५०००/- | |
| १८ | सेउकली खत्री | मदाने-०४ | खुट्टाको समस्या | ५०००/- | |
| १९ | नेत्र बहादुर कुँवर | मदाने-०४ | फोक्सोको समस्या | ५०००/- | |

Scanned with CamScanner

२२. मदाने गाउँपालिका कार्यपालिकाको बैठक संख्या १२ (आ.व. २०८०/०८१) को मिति २०८१/१२/०५ गतेको कार्यपालिका बैठकले गरेका सम्पुर्ण निर्णयहरुमा कार्यपालिकाका सम्पुर्ण सदस्यहरुको मतैक्यता रहेको, कुनै पनि बुदाँमा असहमति नरहेको र सम्पूर्ण निर्णयहरु सर्व-सम्मत पारित गरेको व्यहोरा निर्णय गरियो ।